प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

१६ औं वार्षिकोत्सव




वर्ष-१६ ।। अङ्क : १४२ ॥ २०८१ असार १८ गते मंगलबार (2nd Jul 2024 Tuesday) | Pratidin National Daily | मूल्य-रु.५/-

# जनप्रतिनिधिको उदासिनताले बेहाल भयो त्रिभुवन मावि



• विनोद सापकोटा ,

शिवगञ्ज । शिवसताक्षी नगरपालिकाको त्रिभुवन माध्यमिक विद्यालय कुनै बेला जिल्लामै कहलिएको विद्यालय हो । तर, आजभोलि त्यही विद्यालयको बेहाल छ । त्यसको मुख्य कारण हो-सरोकारवाला निकायको उदासिनता ।

त्रिभुवन माविका लागि हिउँद, बर्खा दुवैयाम अक्करिलो बनेर आउँछ । यसरी नै बितेको दशक बढी भइसक्यो । पानी पर्न थाल्यो कि विद्यार्थीलाई कक्षा कोठासम्म जान नै सकस हुन्छ । घुँडाघुँडासम्म पानी छिचोलेर कक्षा कोठामा विद्यार्थी पुग्नु पर्ने वर्षौंदेखिको बाध्यता छ । ‘हिउँदमा विद्यालयको छाना छिचोलेर शित छिर्छ, बर्खामा घाम,’ शिक्षक रामचन्द्र फुँयालले भने ।

सो विद्यालयका विद्यार्थीले सोमबार जीर्ण कक्षा कोठामा कष्टपूर्ण ढंगले प्रथम त्रैमासिक परीक्षा दिइरहेका थिए । विद्यालयको छानो जीर्ण छ, कतिपय भवनको त छानो नै छैन । खिया लागेर मक्किसकेको छ । जस्तापाता (टिन) ले घाम, पानी र शित केही नै छेक्दैन । झ्याल ढोकाको अवस्था पनि उस्तै छ । ‘हिउँदमा सिरेटो छिर्छ । बर्खामा पानीको धारो । प्रांगणमा त पोखरी नै जम्छ’ विद्यालयका प्रधानाध्यापक नारायण चापागाईंले भने, ‘यो सास्ती खेपेर कसरी पढाउनु ? कति दिन विद्यालय चलाउनु ?’

पानी पर्न थालेसँगै विद्यालयको पढाइ प्रभावित बन्दो रहेछ । विद्यार्थीले कक्षा कोठामै छाता ओढेर पढ्ने र परीक्षा दिने गरेका रहेछन् । ‘कतिपय विद्यार्थी विद्यालय नै आउन छाडिसके,’ शिक्षकहरु भन्छन् ।

‘हाम्रा लागि त यो कुनै नौलो कुरै होइन, तपाईंहरूलाई अनौठो लाग्न सक्छ, त्यो स्वाभाविक नै हो । विद्यालयको अवस्था सबैलाई थाहा भए पनि सास्ती बेहोर्ने चाहिँ विद्यार्थी र शिक्षक मात्र हुन्,’ अर्का शिक्षक युवराज सेढाईंले भने ।

विद्यालयको कक्षा १ देखि कक्षा ४ सम्मका कोठामा मैदानको पानी सोझै पस्छ । यो पानी आकाशबाट परेको हो । बालकक्षाका विद्यार्थीलाई केही दिनदेखि केही सुरक्षित अन्य कोठामा सारेर पढाइरहेको शिक्षक फुँयालले बताए । बालकक्षा सञ्चालन गरिएका कोठामा पानी जमेको छ । विगत वर्षहरूमा नाली काटेर तथा पाइप लगाएर पानी बाहिर पठाउने गरिएको सो विद्यालयमा यसपटकको बर्खा झन् सास्तीपूर्ण छ ।

सामान्य वर्षामा नै पानी जमेपछि प्रथम त्रैमासिक परीक्षा प्रभावित हुने सम्भावना छ । ‘मौसमको अवस्था हेर्दा परीक्षा गर्न नै कठिन हुने देखिएको छ’ प्रधानाध्यापक चापागाईंले भने, ‘मौसममा सुधार भएन र पानी परिरह्यो भने परीक्षा प्रभावित हुन्छ, कसरी गर्ने भन्ने चिन्ता छ ।’ पटकपटक जानकारी गराउँदा पनि शिवसताक्षी नगरपालिका कानमा तेल हालेर बसेको उनको गुनासो छ ।

पढ्न आउने विद्यार्थीहरुले मुश्किलले विद्यालयमा आएर छाता ओढेरै भए पनि पढ्ने गरेका छन् । तर, परीक्षामा त लेख्नुपर्ने भएकाले छाता ओढेर र उभिएर सम्भव नहुने दुःख प्रधानाध्यापक चापागाईंले सुनाए । बर्खा यामभर विद्यालयमा जुत्ता लगाएर र पैन्ट घुँडामाथि नसुर्की जानसक्ने अवस्था नै नहुने शिक्षकहरू बताउँछन् ।

२०२८ सालमा स्थापना भएको सो विद्यालयमा अहिले ३५० जना विद्यार्थी छन् । २०५८ र २०६० सालको तत्कालीन एसएलसी परीक्षामा दुई पटक जिल्ला प्रथम भएको सो विद्यालय बर्खामा पोखरीजस्तै बन्ने गरेको छ । त्यसबेला दुई-दुईपटक नगद पुरस्कर जित्ने रेकर्ड कायम गरेको विद्यालय अहिले मर्मत सम्भारका लागि बजेटको प्रतीक्षामा छ । यो विद्यालयको बेहाल देख्दा जो कोही पनि अचम्भित हुने गरेका छन् ।

साविक पाँचगाछी गाविस हाल शिवसताक्षी नगरपालिका-४ ओडारी चोकमा रहेको सो विद्यालय यस क्षेत्रकै पुरानो हो । अहिले कक्षा १२ सम्म अध्ययन अध्यापन हुने गरेको छ । तर, विद्यालयको बेहाल देखेर विद्यार्थी घटिरहेका छन् । बर्खामा पानीको डुबान र हिउँदमा शित र सिरेटोका कारण त्यस क्षेत्रका विद्यार्थी अन्य विद्यालयमा अध्ययनका लागि जान थालेका छन् ।

स्थानीयका अनुसार यहाँका विद्यार्थी जनआदर्श मावि शिवगञ्ज, बालकल्याण मावि कुञ्जिबारी, अमर मावि बैगुनधुरा र नरेन्द्र मावि सरङपाडासम्म जान थालेका छन् । धेरै अभिभावक त आफ्ना बालबच्चालाई महँगो शुल्क तिरेर निजी विद्यालयमा पढाउन बाध्य छन् ।

सो विद्यालयको मर्मत सम्भारका लागि संघीय सांसद लालाप्रसाद साँवा लिम्बू (एलपी साँवा), निवर्तमान कोशी प्रदेश सांसद झलकसिंह दर्लामीले बजेट उपलब्ध गराउने आश्वासन दिएपनि बोलेको कुरा पूरा नगरेको अभिभावकहरुको गुनासो छ । शिवसताक्षी नगरपालिका र शिक्षा, युवा तथा खेलकुद विकास शाखाको बेवास्ताका कारण विद्यालयको भविष्य अन्योलमा परेको प्रधानाध्यापक चापागाईंले दुःखेसो गरे । ‘शिवसताक्षीका नगर प्रमुख मेगाहाङ थोप्रा, उपप्रमुख नरमाया कार्की, प्रमुख प्रशासकीय अधिकृत अमृतबहादुर राई विद्यालय भ्रमणमा आउनु भयो, जानु भयो तर, उपलब्धी तस्विर खिच्ने फेसबुकमा राख्ने बाहेक केही भएन ’प्रधानाध्यापक प्रधानाध्यापक चापागाईंको भनाई छ । सांसद एलपी साँवाले पटक-पटक योजना पार्ने आश्वासन दिएर पनि काम नगरेको शिक्षक तथा अभिभावकको आरोप छ । नगरपालिकाले पनि विद्यालयको अवस्थाप्रति नजरअन्दाज गरेको उनीहरूको आरोप छ । स्थानीय सरकार गैरजिम्मेवार हुँदा विद्यालयको दुर्गति भएको स्थानीय अभिभावकले बताए ।

विद्यालयको मर्मत सम्भारका लागि अवसर नजुरेको भने होइन । ‘वडाध्यक्ष हुँदा अधिकचन ताजपुरिया विद्यालय व्यवस्थापन समितिमा थिए । उनले चाहेको भए वडाकै बजेटबाट पनि प्रांगण पुर्ने र विद्यालय मर्मत गर्ने रकम व्यवस्थापन गर्न सक्थे,’ स्थानीय जयनाथ चौधरीले भने, ‘विद्यालयलाई हेर्ने काम उहाँले गर्नु नै भएन ।’ ताजपुरिया सो विद्यालयको व्यवस्थापन समिति अध्यक्ष नै भएको उनले बताए ।

अहिले पनि सोही वडाका वडाध्यक्ष विष्णु प्रसाईं विद्यालय व्यवस्थापन समितिमा छन् । आँखा अगाडि समस्या भएपनि बजेट दिन वडाध्यक्ष प्रसाईंले आनाकानी गर्ने गरेको अभिभावक बताउँछन् । यही कारण पनि विद्यालयको दुर्गति भएको अभिभावकको ठम्याई छ ।

# बिर्तामोडको बजेट, नीति तथा कार्यक्रम पारित



बिर्तामोड(प्रस) । झापाको बिर्तामोड नगरपालिकाले आर्थिक वर्ष ०८१-८२ को बजेट, नीति तथा कार्यक्रम सर्वसम्मतले पारित गरेको छ । दोस्रो नगरसभाको पाँचौ अधिवेशनको दोस्रो बैठकबाट नीति तथा कार्यक्रम पारित गरिएको हो ।

नगरसभाले आर्थिक वर्ष ०८१-८२ को बजेट, नीति तथा कार्यक्रमसम्बन्धी प्रस्ताव, आर्थिक विधेयक २०८१, विनियोजन विधेयक २०८१, न्यायिक समितिको आ.व.०८०-८१ को प्रतिवेदन र अर्थ तथा सार्वजनिक लेखा समितिको प्रतिवेदन पास गरेको छ । नगरप्रमुख पवित्रा महतारा प्रसाईले प्रस्ताव गरेको विविध प्रस्तावहरु सभाबाट अनुमोदन गरिएको थियो ।

नगर प्रमुख प्रसाईले सभाध्यक्षको हैसियतमा कार्यक्रम सञ्चालन गर्दै नीति कार्यक्रम तथा बजेट, आर्थिक विधेयक -२०८१ र विनियोजन विधेयक- २०८१ माथि छलफलका लागि आव्हान गरेकी थिइन् । सदस्यहरुले नीति कार्यक्रम र बजेटमाथि सुझाव तथा जिज्ञासा राखेका थिए ।




# शैक्षिक हब बिर्तामोडको यस्तो छ एसईई नतिजा



झापा(प्रस) । शैक्षिक हबको रुपमा लिइएको बिर्तामोडका विद्यालयहरुको एसईई नतिजा यसवर्ष त्यति सन्तोषजनक देखिएन । सामुदायिकसंगै केही संस्थागत विद्यालयकोसमेत शैक्षिक स्तर खस्किएको छ । केहीले उत्कृष्ट नतिजा निकाल्दा केहीको भने अत्यन्त कमजोर देखिएको हो । सगरमाथा आवासीय मावि सेकेन्डरी स्कुलका ८ जनामध्ये २ जना , रुद्र मेमोरियल इङ्गिलस आवासीय माविका १५ जनामध्ये ५ जना, सरस्वती एन्जल स्कुलले ५० जनामा ७ जना, बालकल्याण आवासीय माविका १२ जनामध्ये ४ जना, मनकामना सेकेन्डरी स्कुलका ५५ जनामध्ये ३२ जना उत्तीर्ण भएका छन् । त्यस्तै सामुदायिकतर्फ वीर अमरसिंह माविको साधारण धारमा २१ जनामध्ये २१ जना नै अनुत्तीर्ण भएका छन् । प्राविधिक धारमा ३४ जनामध्ये २९ जना उत्तीर्ण भएका छन् । त्यस्तै दुर्गा माविका ११२ जनामध्ये २० जना , देवी सेकेन्डरी स्कुलका २०८ जनामध्ये ५५ जना , देवी सेकेन्डरी स्कुलकै खुल्लामा ३४ जनामध्ये एक जना , महेन्द्रज्योति माविका ३२ जनामध्ये ४ जना , सरस्वती सेकेन्डरी स्कुलका ५० जनामध्ये ७ जना , पंचरत्न सेकेन्डरी स्कुलका १९ जनामध्ये ४ जना, महेन्द्ररत्न माविका १८१ जनामा ६६ जना उत्तीर्ण भएका छन् । उत्कृष्टता हासिल गर्दै आएका बिर्तामोडका केही विद्यालयहरुले यस वर्ष पनि त्यसलाई निरन्तरता दिएका छन् । सामुदायिकतर्फ मोहनमाया माविले

❖ बाँकी तेस्रो पृष्ठमा

## गौरादहका दुईवटा विद्यालयले ल्याए शतप्रतिशत नतिजा

झापा(प्रस) । झापा गौरादहका दुईवटा विद्यालयले एसईई परीक्षामा शतप्रतिशत नतिजा ल्याएका छन् । बैगुनधुरा अंग्रेजी माध्यमिक विद्यालय र इमिनेन्ट कंचनजंघा माध्यमिक विद्यालयले शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराएका




हुन् । बैगुनधुरा माविका १८ जना विद्यार्थीले परीक्षा दिएकोमा १८ जना नै उत्तीर्ण भएका छन् । त्यस्तै इमिनेन्ट कंचनजंघा माविका ३० जना विद्यार्थीमध्ये सबैजना उत्तीर्ण भएका छन् ।

❖ बाँकी अन्तिम पृष्ठमा



# लायन्स बिर्तामोड सिटीको अध्यक्षमा बानियाँ



बिर्तामोड(प्रस) । लायन्स क्लब अफ बिर्तामोड सिटीको पद हस्तान्तरण तथा पदभार ग्रहण कार्यक्रम सम्पन्न भएको छ । एक कार्यक्रमका बीच आइतबार साँझ बिर्तामोडमा क्लबको पद हस्तान्तरण कार्यक्रम भएको हो । कार्यक्रममा वर्ष २०२४-२५ का लागि चयन भएका अध्यक्षलाई अघिल्लो वर्षका अध्यक्षले विधिवत पद हस्तान्तरण गरेका हुन् ।

कार्यक्रममा लायन्स क्लब अफ बिर्तामोड सिटी वर्ष २०२३-२४ का अध्यक्ष दुर्गाबहादुर थपलियाले वर्ष २०२४-२५ का अध्यक्ष उपेन्द्र बानियाँलाई पद हस्तान्तरण गरेका थिए ।

२०२३-२४ का अध्यक्ष थपलियाको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन सचिव लक्षुमण खड्का (प्रेम)ले गरेका थिए । लायन्सको नियम अनुसार क्लबका अध्यक्षले समितिलाई पूर्णता दिनेछन् ।

पदभार ग्रहणपछि कार्यक्रममा बोल्दै २०२४-२५ का अध्यक्ष बानियाँले बिर्तामोड लायन्स सामाजिक कार्यमा सँधै सक्रिय रहने बताए । स्थानीय सरकार र विभिन्न संघ संस्थासंग भाईचाराको सम्बन्ध बनाउँदै लायन्सले समाजमा गरिरहेको सामाजिक कार्यलाई थप सक्रियताकासाथ अगाडी बढाउने बताए ।

२०२३-२४ का अध्यक्ष थपलियाले आफ्नो कार्यकालमा भएका कामहरुको जानकारी गराएका थिए । उनले बिद्यार्थीहरुका लागि पोशाक तथा शैक्षिक सामग्री बितरण, रक्तदान, दृष्टिविहीनका लागि सहयोगलगायतका विभिन्न १६ वटा कार्यक्रमहरु गरिएको बताए ।

त्यस्तै लायन्स क्लबका डिस्ट्रिक चिफ तथा लायन्स क्लब अफ बिर्तामोड सिटीका संस्थापक अध्यक्ष निरजकुमार ओली, लायन्स क्लब अफ बिर्तामोड लेडीकी पूर्व अध्यक्ष दुर्गा पाठक थपलिया र युवा व्यवसायी विशन लिम्बूले बधाई ज्ञापनसहित आफ्नो भनाई राखेका थिए ।सन् २०१७-१८ मा स्थापना भएको क्लबका विभिन्न जिम्मेवारीमा रहेका पदाधिकारी तथा सदस्यहरुको कार्यक्रममा उपस्थिति रहेको थियो ।

# रोटरी क्लव अफ भद्रपुरको अध्यक्षमा पोखरेल

भद्रपुर(प्रस) । रोटरी क्लव अफ भद्रपुरको अध्यक्षमा संजयराज पोखरेल चयन भएका छन् ।

रोटरी क्यालेन्डर अनुसार जुलाई १ तारेखदेखि पुरानो समितिको पदावधि पूरा हुने हुँदा प्रस्तावित अध्यक्ष स्वतः अध्यक्ष हुने प्रावधान अनुसार पोखरेल सन् २०२४-२५ को लागि अध्यक्षमा चयन भएका हुन् ।

भद्रपुर ७ निवासी पोखरेल चिया उद्योगी हुन् । सामाजिक कार्यमा सक्रिय अन्तर्राष्ट्रिय संस्था रोटरी क्लबमा तीन वर्ष अगाडि नै प्रेसिडेन्ट, प्रेसिडेन्ट नोमिनी र प्रेसिडेन्ट इलेक्ट चयनको व्यवस्था गरिएको छ ।

भद्रपुर रोटरीको अन्य पदमा क्रमशः भाइस प्रेसिडेन्टमा डा.नवराज कोइराला,आइपीपी विनोद चापागाई,सचिवमा नरेश पराजुली, प्रेसिडेन्ट इलेक्टमा धनजुजु श्रेष्ठ, प्रेसिडेन्ट नोमिनीमा उज्वल श्रेष्ठ, ट्रेजररमा पवनकुमार श्रेष्ठ, टिआरएफ मेम्बरमा विगत ओझा, मेम्बरसीप डाइरेक्टरमा राजकुमार पोखरेल, रोटरी इमेजमा टिकाराज ढकाल,सर्भिस प्रोजेक्टमा आदित्य पराजुली, क्लब एडमिनमा दिपेश ढकाल,सर्जेट एण्ड आम्समा निरज पराजुली, क्लव ट्रेनरमा किशोर पराजुली, मेन्टरमा सुरेशकुमार मित्तल, आइटि अफिसरमा इश्वर अधिकारी, वेभ मास्टरमा भेषराज ढकाल,सोसियल मिडियामा नितेश वर्मा चयन भएका छन् ।यसैगरी सम्पूर्ण पास्ट प्रेसिडेन्टहरुलाई सल्लाहकार चयन गरिएको छ ।

# पानीमा डुबेर २ जनाको मृत्यु



झापा(प्रस)। पानीमा डुबेर एक नाबालकसहित दुई जनाको मृत्यु भएको छ ।पथरीशनिश्चरे-७ का धनराज गिरी र सुनसरी रामधुनी-८ का साजन चौधरीको पानीमा डुबेर मृत्यु भएको हो । आइतवार अपरान्ह मोरङको पथरीशनिश्चरेस्थित पथरी खोलामा नुहाउने क्रममा ४६ बर्षीय गिरीलाई पानीमा डुबेको अवस्थामा स्थानीयले फेला पारेका थिए । उनलाई उपचारको लागि स्थानीय मंगलबारे अस्पताल लगिएकोमा अस्पताल पुर्‍याउनासाथ मृत्यु भएको हो ।

त्यसैगरी सुनसरी रामधुनी-८ कालीझोडाका सुनिल चौधरीका डेढ बर्षीय छोरा साजन चौधरीको घरनजिकै नहरको पानीमा डुबेर मृत्यु भएको छ । खेल्ने क्रममा नहरमा डुबेको अवस्थामा आफन्तले फेला पारी उपचारार्थ इनरुवा अस्पताल लगेकोमा डाक्टरले चेकजाँचका क्रममा मृत घोषणा गरेका थिए ।

### गौरादहका...

गत वर्षको एसईईमा इमिनेन्ट कंचनजंघा माविका धनबहादुर थापाले ४ जीपीए ल्याएका थिए । गौरादहको एउटा संस्थागत विद्यालयबाहेक सबै विद्यालयको नतिजा यस वर्ष राम्रो आएको छ । गोल्डेन सनराइज माविले २४ जनामा २२ , नमूना अंग्रेजी माविले २१ जनामा २० जना , ज्ञानज्योति माविले ३७ जनामा ३६ , विद्योदय अंग्रेजी माविले १९ जनामा १७ , माउन्ट एभरेष्ट माविले ८५ जनामा ८१, एस.आई.आर. मेमोरियल एकाडेमीले १७ जनामा १५ जना उत्तीर्ण गराएका छन् । तर, मकालु अंग्रेजी विद्यालयले १६ जनामा मात्र एकजना विद्यार्थी उत्तीर्ण गराउन सकेको छ । संस्थागत विद्यालयतर्फ २६७ जना विद्यार्थीले एसईई दिएकोमा २४० जना उत्तीर्ण भएका छन् । जुन ८९.८८ प्रतिशत हो । त्यस्तै सामुदायिक विद्यालयतर्फ डोरामारी माविले २३ जनामा १३ , भद्रकाली माविले ६६ जनामा ११ , जनता मावि वडा नं ५ ले २८ जनामा ८ , जनता मावि वडा नं १ ले १०१ जनामा २० , मोति माविले ३७ जनामा १७ , स्कुलचौन माविले ९२ जनामा ६७ , प्रगति माविले ९० जनामा ३९ , अमर मावि वडा नं ९ ले ४२ जनामा ८ र अमर मावि वडा नं २ ले ३४ जनामा ८ जनालाई उत्तीर्ण गराएका छन् ।सामुदायिक विद्यालयतर्फ ५७१ जना विद्यार्थीले परीक्षा दिएकोमा १९९ जना अर्थात ३४.८५ प्रतिशत उत्तीर्ण भएका छन् ।

## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश झापा जिल्ला,भद्रपुर नगरपालिका वार्ड नं.-९मा बस्ने श्री देबी प्रसाद आचार्यका नाति,श्री प्रभुनाथ आचार्यका छोरा श्री सालिकराम आचार्यको मिति वि.सं.२०८०/११/२०गते र कोशी प्रदेश झापा जिल्ला,भद्रपुर नगरपालिका वार्ड नं.-१० मा बस्ने श्री श्रीकृष्ण प्रसाद आचार्यका नाति,श्री जयनाथ आचार्यका छोरा श्री हरिहर आचार्यको मिति वि.सं.२०७८/१०/१६गते मृत्यु भएकोले निजद्वय लगायत कोशी प्रदेश झापा जिल्ला,भद्रपुर नगरपालिका वार्ड नं.-१० मा बस्ने श्री छबिलाल आचार्यका नाति,श्री हरि प्रसाद आचार्यका छोरा श्री हरिकिशोर आचार्यसहितको संयुक्त नाममा रहेको र तीन हस्ताक्षरमध्ये कुनै दुई हस्ताक्षरबाट खाता संचालन हुने गरी यस बैंकको चन्द्रगढी शाखामा रहेको वचत खाताको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी श्री हरिकिशोर आचार्यले मिति वि.सं.२०८१/०३/०७मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np




## गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसमअनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




## जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश



## सम्पादकीय

# सतर्क रहौं

देशभर बिहीबारसम्म मनसुन थप सक्रिय हुने भएको छ । मनसुन न्यूनचापीय रेखाका कारण यो सक्रिय हुन थालेको हो ।

जल तथा मौसमविज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार न्यूनचापीय रेखा आगामी केही दिन नेपालको दक्षिणी भाग/सिमाना आसपास रहने भएकाले मनसुन थप सक्रिय हुने सम्भावना कायमै रहेको हो । यही असार २० गतेसम्म आवश्यक सावधानी तथा सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ ।

मनसुन अवधिमा देशभर साधारणतयादेखि पूर्णतया बदली रही धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा हुनेछ । सो अवधिमा कोशी प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका थोरै स्थानम तथा मधेश प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका एक–दुई स्थानमा मेघ गर्जन/चट्याङसहित भारी वर्षाको सम्भावना छ ।

मनसुन सक्रिय रहेको अवधिभर कोशी प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका एक दुई स्थानमा भारी वर्षा हुने सम्भावना छ । महाशाखाका अनुसार कोशी प्रदेशका ताप्लेजुङ, पाँचथर, संखुवासभा, तेह्रथुम, मोरङ, झापा, सुनसरी, इलाम, धनकुटा, भोजपुर, खोटाङ, सोलुखुम्बु, र ओखलढुङ्गा बाढी पहिरोको उच्च जोखिममा छन् ।

यस्तै बागमती प्रदेशका मकवानपुर, चितवन, सिन्धुपाल्चोक र दोलखा तथा गण्डकीका म्याग्दी, बागलुङ, कास्की, पर्वत, स्याङ्जा, तनहुँ, नवलपरासीपूर्व र लमजुङ पनि उच्च जोखिममा रहेको महाशाखाद्वारा जारी बुलेटिनमा उल्लेख छ ।

यसैगरी लुम्बिनी प्रदेशका कपिलवस्तु, रुपन्देही, पाल्पा, अर्घाखाँची, गुल्मी, प्युठान, नवलपरासी पश्चिम, रोल्पा र रुकुमपूर्व पनि बाढी पहिरोको उच्च जोखिममा छन् । मधेश प्रदेश र सुदूरपश्चिममा भने सो अवधिमा उच्च जोखिम छैन । मेघगर्जन/चट्याङ्ग, भारी वर्षा, भू–क्षय, पहिरो तथा गेग्रान बहावको जोखिम रहेको, शहरी तथा तराई क्षेत्रहरूमा डुवानको जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलाहरूमा पानीको सतह बढ्न सक्ने भएकाले आवश्यक सतर्कता अपनाउन हुन तथा पूर्वतयारीका लागि सरोकारवाला सबैमा अनुरोध गरिएको छ । यस्तो अबस्थामा खोला किनारमा बस्नेहरुले विशेष सतर्कता अपनाउनु पर्छ ।

# विदेशी मुद्रा आर्जनमा वायुसेवा



• हरिगोपाल प्रधान

राष्ट्रको समुन्नति र विकासका लागि पर्यटन महत्वपूर्ण माध्यम हो । पर्यटनलाई बढावा दिने मुख्य साधन यातायात हो । यातायातबिना पर्यटन विकासको कल्पनै गर्न सकिँदैन । यातायातको असुविधाकै कारणले गर्दा पहाडी क्षेत्रमा विकासको गति मन्द हुन्छ । यस्ता क्षेत्रमा यातायातका स्थल साधन विकट पहाडी क्षेत्रमा पुऱ्याउन कठिन र जोखिमपूर्ण हुन्छ । त्यस्ता क्षेत्रमा हवाई साधनको व्यवस्था गर्नु आवश्यक छ । हवाई साधनको व्यवस्था गर्नु पनि महँगो पर्छ । नियमित उडान गराउन विविध समस्याका कारणले गर्दा कठिन हुने भए पनि त्यस्ता देशमा स्थल यातायातभन्दा हवाई यातायात नै चाँडै व्यवस्था गर्न सकिन्छ ।

न्यून भूभाग मात्र सुगम र अत्यधिक भभाग दुर्गम रहेको हाम्रो राष्ट्रमा अझैसम्म पनि कतिपय सुगम मानिने ठाउँमा समेत यातायात सेवा पुऱ्याउन सकिएको छैन । हिमाली र पहाडी भेगमा पर्ने धेरै जसो स्थान यातायातका सुविधाबाट वञ्चित छन् । विकासको गतिलाई तीव्र बनाउने हो भने नेपालका हिमाली र पहाडी भेगका सबै ठाउ"मा यातायातको विस्तार गर्नु अत्यावश्यक छ । हिमाली प्रदेशमा राजमार्गको निर्माण गर्नुपर्ने प्रस्ताव भर्खरै आएको छ । सरकारको इच्छाशक्ति, विश्वसनीयता र जनपरिचालन हुने हो भने यो काम कठिन र असम्भव हुँदै होइन । नेपालको पर्यटन विकासमा यातायातका यस्ता पक्षले अहम् भूमिका खेल्न सक्छन् ।

नेपालको भूधरातललाई दृष्टिगत गर्दा हवाई-यातायातलाई पर्यटन प्रवर्धनका लागि प्रयोग गर्नु हाम्रो आवश्यकता र चुनौती दुवै हो । यसका लागि सरकारी नियन्त्रणको नेपाल वायुसेवा निगमलाई सबल बनाउनु पहिलो कर्तव्य हुन आउँछ । आन्तरिक तथा बाह्य पर्यटकलाई एक ठाउँबाट अर्को ठाउँमा ओसारपसार गर्नु मात्र होइन, यातायातको सुविधा नभएका ठाउँमा उपभोग्य वस्तुको ढुवानी गर्नु पनि हवाई सेवाको कर्तव्य हो । हाम्रो जस्तो हिमालै हिमाल र पहाडै पहाडले भरिएको मुलुकमा विदेशी पर्यटक भित्र्याउन सक्नु र उनीहरूबाट विदेशी मुद्रा प्रशस्त आर्जन गर्न सक्नु हाम्रो राष्ट्रको प्रमुख कर्तव्य हो । यो कर्तव्य निर्वाह गर्ने प्रमुख माध्यम नै हवाई सेवा हो । पर्यटन उद्योग नै देशविकासको मेरुदण्ड हो । पर्यटन उद्योगको विकास पनि हवाई सेवाका क्रियाकलापमा नै निर्भर रहेकाले यसको उचित संरक्षण र व्यवस्थापन गर्नु अत्यावश्यक छ । अनि मात्र पर्यटन क्षेत्रबाट विदेशी मुद्रा आर्जन गर्न र राष्ट्रको उन्नति गर्न हामीलाई सजिलो पर्ने छ ।

एकातिर नीति निर्माण तहमा रहेका व्यक्तिहरूको अदूरदर्शिताको कारणले गर्दा आन्तरिक तथा बाह्य दुवै प्रकारका पर्यटकले समुचित सेवा पाउन सकिरहेका छैनन् भने अर्कातिर नेपालभित्रको आन्तरिक राजनीतिक द्वन्द्वबाहेक सिधा बाटो नपाएर पनि विदेशी पर्यटक नेपाल आउन पाइरहेका छैनन् । अहिले परिस्थिति केही फेरिएको र राजनीतिक परिस्थिति पनि केही सङ्लो भएकाले आगामी वर्षमा पर्यटकको संख्यामा उल्लेख्य वृद्धि हुने आशा सबैमा पलाएको छ । नेपाल वायुसेवा निगमले विगत सात वर्षअघिदेखि दोहा उडान थालेको र विश्वका ठुला ठुला वायुसेवा निगमले उडान गर्ने दोहा र दमामसंग सिधा हवाई सम्पर्क भएकाले युरोप र अमेरिकाका पर्यटक नेपाल आउन सजिलो भएको छ । अन्य देश भएर नेपालमा आउने पर्यटकलाई सबैभन्दा महँगो भाडादर पर्न आए पनि पर्यटन आगमनमा वृद्धि हुने आशा पलाउनु पनि स्वाभाविकै हो । खाडी राष्ट्रमा काम गरिरहेका करिब १० लाख नेपाली मजदुरको आवतजावतमा पनि यो उडानले सुविधा पुऱ्याएको छ ।

दोहा, दुबई र दमामसँग सिधा हवाई सम्पर्क भइरहेको कारणले गर्दा विदेशी पर्यटकहरूले भारत हुँदै नेपाल आउनुपर्ने बाध्यता पनि हट्न गएको छ । राष्ट्रका लागि यसलाई ठुलो उपलब्धि मान्नु पर्छ ।

पर्यटन व्यवसायका लागि सबैभन्दा ठुलो वरदान बनेको हवाई सेवाले विश्वलाई साँगुरो पार्दै लगी एउटा सानो गाउँमा परिणत गराउन अहम् भूमिका खेलेको छ । यसैले गर्दा विश्वमा हवाई यात्रुको संख्यामा क्रमशः बढोत्तरी भइरहेको छ । अहिले प्रत्येक वर्ष दसौं लाखभन्दा बढी व्यक्तिहरूले आन्तरिक हवाई यात्रा गरिरहेका छन् । हवाई सेवाकै कारणले पर्यटनलगायत सबै मुख्य बजारले उच्च वृद्धि हासिल गरेका छन् । हवाई सेवाकै कारणले चीन, हङकङ, इटाली र जर्मनीले आफ्ना उत्पादन दोब्बरकै संख्यामा वृद्धि गरिसकेका छन् । विश्व पर्यटन बजारको आम्दानीमा वृद्धि भई एक सय अरब डलरको हाराहारीमा पुगिसकेको छ । दक्षिण एसियाले कुल आम्दानीको एक प्रतिशत मात्र पाउन सके तापनि यसबाट युरोप र अमेरिकाको आम्दानीमा मनग्गे वृद्धि भएको छ । चीनले पनि उल्लेखनीय वृद्धिको अभिलेख राखिसकेको छ । नेपालले पनि हवाई सेवाबाट आय आर्जन गर्ने त गरिरहेको छ तर राजनीतिक द्वन्द्व, राजनीतिक हस्तक्षेप र समुचित व्यवस्थापनको अभावको कारणले गर्दा अपेक्षित लाभ लिन सकिरहेको छैन । विदेशी पर्यटकको संख्यामा गिरावट आई भारतबाट नेपाल आउने पर्यटकमा समेत प्रशस्त संख्यामा कमी आएकाले पनि नेपाललाई केही समस्या देखा परेको छ । अहिले वार्षिक सालाखाला १८० लाख डलर मात्र पर्यटन व्यवसायबाट नेपालले आम्दानी गर्ने गरेको छ ।

नेपालको पर्यटन व्यवसायलाई अग्रगति दिनका लागि नेपाल वायुसेवा निगम, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल पर्यटन बोर्ड, निजीस्तरका हवाई कम्पनीहरू तथा विभिन्न ट्राभल एजेन्सी, यातायात व्यवसाय, ट्रेकिङ एजेन्सी यातायात व्यवसायी र होटलहरूको महत्वपूर्ण भूमिका छ । अन्य विभिन्न संघ संस्थाको पनि प्रत्यक्ष अप्रत्यक्ष रूपमा सम्बन्ध छ । सरोकारवाला निकायका बिचमा आवश्यक समन्वय र सामन्जस्य हुन नसक्दा त्यसले पर्यटन व्यवसायलाई असर पारेको छ । अस्वस्थ प्रतिस्पर्धाको कारणले आफ्नो लक्ष्यप्राप्तिका लागि कठिनाइ भइरहेको छ । सरकारी नीतिनिर्धारण गर्ने, चालकदल, हवाई कम्पनीमा काम गर्ने कर्मचारी, हवाई कम्पनीका मालिक, सरकारी निगमको व्यवस्थापन पक्षसँग सम्बन्धित व्यक्ति र उड्डयनसँग सम्बन्धित व्यक्तिका दृष्टिकोणमा समन्वय र सामन्जस्य ल्याउन नसकेसम्म (ट्रेकिङ एजेन्सी, नेपाल पर्वतारोहण संघ, होटल एसोसिएटस्को, बीचको असामान्यजस्यता जस्तै) र राष्ट्रिय हितमा ती सबैलाई प्रयोग गर्न नसकेसम्म आन्तरिक र बाह्य दुवै पर्यटनको एवं पर्यटन व्यवसायको समेत भविष्य उज्ज्वल बनाउन कठिन पर्ने छ ।

नेपालको अधिकांश भूभाग पहाड र पर्वतले भरिएको छ । त्यसैले पनि यहाँ उड्डयनको विशेष महत्व छ । नेपालमा हाल ६० वटा विमानस्थल छन् र तीमध्ये २५ वटा विमानस्थलको कालोपत्र भइरहेको छ र अन्य ३५ वटा कच्ची विमानस्थल छन् । रातिको समयमा पनि उडान भर्न सक्ने सात वटा विमानस्थल छन् । ती सबै विमानस्थललाई संरक्षण गरेर समुचित ढङ्गले उपयोग गर्ने हो भने त्यसले नेपालको पर्यटन क्षेत्रलाई धेरै फाइदा पुऱ्याउने छ । आगामी दिनमा नेपालमा विदेशी पर्यटकको संख्या बढ्ने कुरा निश्चितप्रायः भएकाले विमानस्थललाई जुनसुकै समयमा पनि प्रयोग गर्न सकिने स्थितिमा राखिरहनु आवश्यक छ । त्यसबाहेक नेपालमा पूर्ण रूपले व्यवस्थित रहेको भैरहवा र पोखराको पूरै अध्ययन नगरी अन्तर्राष्ट्रिय एयरपोर्ट बनाउँदा राम्रोसंग चलाउन नसक्नु र अब बन्ने चौथौ अन्तर्राष्ट्रिय विमानस्थल निजगढबाहेक (भारतको सिमानासंग एयरपोर्ट बनाउँदा हाल भोगिरहेको समस्या- जस्तै भैरहवा अन्तर्राष्ट्रिय एयरपोर्ट) भरतपुर, त्रिशूली, बनेपा, हेटौँडा जस्ता स्थानमा बनाउनु पनि आवश्यक छ ।

अर्कातिर नेपाल वायुसेवा निगमले पर्यटकको कमी हुने जुनसुकै मुलुकसंग द्विपक्षीय हवाई सम्झौता गर्नुको सट्टा पर्यटक बढी हुने मुलुकसंग बढी सम्बन्ध विस्तार गर्ने हो भने ४२ वटा मुलुकको सट्टा त्योभन्दा कम मुलुकस"ग भएको द्विपक्षीय हवाई सम्झौताले पनि नेपालको पर्यटन व्यवसायलाई ठुलो टेवा पुग्ने छ । नेपालका बारेमा समाचार सम्प्रेषण गर्दा नवीन पद्धति अनुरूप आकर्षक रूपबाट विदेशीलाई समाचार सम्प्रेषण गर्नु आवश्यक छ । विदेशमा रहेका निगमका कार्यालयको व्यवस्थापन र अन्य पक्षमा कुनै कमजोरी रहेका छन् भने तिनलाई सुधार गरेर ती कार्यालयमार्फत निगम र नेपालका विषयमा उचित र जानकारीमूलक समाचार सम्प्रेषण प्रचार प्रसार गर्न सकिन्छ । ती कार्यालयहरूको प्रभावकारी भूमिकाबाट पनि नेपालले प्रशस्त वैदेशिक मुद्रा आर्जन गर्ने सम्भावना रहन्छ । सरकारले पर्यटन उद्योगलाई मुलुकमा अन्य उद्योगसरह प्रेरणा, न्यायिक सुरक्षा र सुविधा उपलब्ध गराई पूर्ण मान्यता दिनु पर्छ एवं निजी क्षेत्रसंगको कार्यगत सम्बन्ध सुदृढ बनाउँदै सरकारले मुलुकमा सर्वसाधारण जनता, उद्योग एवं पर्यटन क्षेत्रमा शान्ति सुरक्षाको प्रत्याभूति दिनु पर्छ । पर्यटनसंग सम्बद्ध व्यावसायिक सेवालाई प्रस्ट रूपले परिभाषित गरी एकअर्काको क्षेत्रमा अनधिकार रूपमा गर्ने गरेका व्यावसायिक क्रियाकलापको अविलम्ब अन्त्य गराउनेतर्फ पनि सरकारले संवेदनशील हुनु आवश्यक छ ।

नेपालभित्र रहेका गन्तव्यस्थलमध्ये सम्बन्धित व्यवसायीबाट समुचित सम्भाव्यता अध्ययन गराई नयाँ गन्तव्य स्थलको प्रतिवेदन तयार पारी तिनलाई प्रचारप्रसार गराउने हो भने त्यसले पनि धेरै फाइदा पुऱ्याउने छ । पर्यटन प्रवर्धन गर्दा अन्तर्राष्ट्रिय परिप्रेक्ष्यलाई मात्र होइन, क्षेत्रीय प्रतिस्पर्र्धालाई पनि ध्यान दिँदै तदनुरूपको नीतिनिर्माण गर्नुका साथै अन्य सम्भावित मुलुकमा बजार प्रवर्धन गर्नु पर्छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले (हाल जहाजहरूलाई पाकिङ गरेर राखेको स्थान) पेप्सीकोला तीरको पूर्वतर्फको खाली जग्गालाई साना तिना जहाजलाई उडान गर्न सक्ने गरी व्यवस्थित गर्न सकिन्छ भने गुहेश्वरीको भिरलाई सम्म पारी पार्किङका जहाज राख्न सकिन्छ । दक्षिण तर्फको हालको एयरपोर्टलाई लम्बाइतर्फ गरी ११ वटा विमान पार्किङ क्षेत्रबाट १५ देखि २० वटासम्म विमान व्यवस्थित तवरले राख्न सकिन्छ । पेट्रोल पम्पलाई तिनकुनेदेखि जडीबुटीसम्मको अन्डर ग्राउन्डमा राख्ने अथवा सिनामङ्गलतिर सार्न सकिन्छ । प्राधिकरणले यसतर्फ पनि तत्कालीन ध्यान पुऱ्याउनु आवश्यक छ ।

हाल सञ्चालन गर्दै आइरहेको धावन मार्गलाई लम्ब्याउन आवश्यक भइसकेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नागरिक उड्डयन प्राधिकरण र सडक विभागमार्फत ध्यान दिई तीनकुनेबाट जडीबुटीसम्म अण्डर ग्राउन्ड भूमि मार्ग तत्काल तयार गर्नुपर्र्ने छ । आन्तरिक हवाई उडानमा यात्रुहरूको सुरक्षाको प्रत्याभूति दिनुका साथै निजी क्षेत्रबाट सञ्चालन हुने हवाई कम्पनीहरूलाई थप इजाजत दिनेतर्फ नियन्त्रण गर्ने र सरकारमा दर्ता नगरी अनधिकृत रूपले चलाइएका हवाई कम्पनीलाई कडा कारबाही गरिने र प्राधिकरणमा उडान र पार्किङ क्षेत्र अनुमति लिई र पार्किङ गर्नुपर्ने स्थानमा पार्किङ नगर्ने र उडान पनि नगरी निजी क्षेत्रका हवाई कम्पनीले कार्य गर्दै आइरहेकाले काठमाडौँ विमानस्थलमा पार्किङको चाप हुँदै गइरहेको छ त्यस कारण त्यस्ता निजी कम्पनीलाई जे जस्तो अनुमति लिएको छ सोही अनुसार कार्य गर्न लगाउनु प्राधिकरणको व्यवस्था हुनु जरुरी छ । यसो हुन सके आन्तरिक उडान सेवाबिचको अस्वस्थकर प्रतिस्पर्धा हट्न जाने छ । यसका लागि समयानुकूल, दिगो र दीर्घकालीन परिप्रेक्ष्यमा राष्ट्रिय पर्यटननीति बनाउनु अपेक्षित छ ।

निजी क्षेत्रका पर्यटनसंग सम्बन्धित संघ संस्थाको समानुपातिक प्रतिनिधित्वका आधारमा उच्चस्तरीय अधिकारसम्पन्न र नेपाल पर्यटन बोर्डसंग त्यसले सामन्जस्य राखी काम गर्नु पनि आवश्यक छ । सरकारले सबैको सहमति र सामन्जस्यमा राष्ट्रिय पर्यटन नीति बनाई त्यसलाई कडाइका साथ लागु गर्ने हो भने नेपालमा पर्यटन क्षेत्रको विकास नहुने कुरै छैन ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# कार्यविधिमाथि उब्जिएका प्रश्न



• डा. शान्तिकृष्ण अधिकारी

नेपाल संस्कृत विश्वविद्यालयको सेवा आयोगका अध्यक्ष र सदस्यको पद रिक्त भएपछि सोका लागि नाम सिफारिस गर्न विश्वविद्यालयका कुलपति प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' बाट सिफारिस समिति गठन भइसकेको छ । केही समयअघि स्थापित गरिएको नयाँ पद्धति अनुसार नै यो समितिले पदाधिकारी नियुक्तिका लागि सिफारिस गर्ने छ । प्रतिस्पर्धाका आधारमा पदाधिकारी सिफारिस गर्ने प्रयोजनका लागि सिफारिस समितिले आफूले अपनाउने कार्यविधि तयार गरेको पाइएको छ । नेपाल संस्कृत विश्वविद्यालय सेवा आयोगको अध्यक्ष र सदस्य सिफारिससम्बन्धी कार्यविधि, २०८१ शिक्षा मन्त्रालयको वेबसाइटमा राखेसँगै उक्त कार्यविधिका सकारात्मक र नकारात्मक पक्षका बारेमा टीकाटिप्पणी हुने क्रम चलेको छ ।

कामै नगरी बसे टिप्पणी नै हुँदैन । कुनै क्रिया भयो भने स्वाभाविक रूपमा त्यसमाथि प्रतिक्रिया उब्जिन्छ ।

शिक्षा मन्त्रालयले पछिल्ला समयमा विश्वविद्यालयका पदाधिकारी चयन गर्दा अपनाएका प्रक्रियाले हलचल ल्याउने गरेको छ । विश्वविद्यालयका प्राध्यापक र विद्यालयका शिक्षकलाई केही मात्रामा नियमन गर्ने प्रयास शिक्षा मन्त्रालयबाट भइरहेको हुँदा यो मन्त्रालयका बारेमा समय समयमा चर्चा पनि चल्ने गर्छ । जुनसुकै कुरालाई पनि हेर्ने दृष्टिकोण व्यक्तिपिच्छे फरक हुन्छ नै । आफूमा भएको क्षमता, योग्यता, आग्रह र पूर्वाग्रहबमोजिम हरेक वस्तु र क्रियामाथि मानिसले धारणा बनाउने गर्छन् । त्यसैबमोजिम शिक्षा मन्त्रालयले ल्याएको संस्कृत विश्वविद्यालयको सेवा आयोगसम्बन्धी कार्यविधिमा प्रतिक्रिया आउनुलाई अस्वाभाविक मान्न मिल्दैन । बरु आएका विषयको गम्भीर विश्लेषण गरी कार्यविधि निर्माताले परिवर्तन गर्नुपर्ने सन्दर्भलाई संशोधन गर्न उपयुक्त हुन्छ । पहिला पहिला कुलपतिले सिफारिस समिति गठन गर्दथे । शिक्षामन्त्री संयोजक हुने र संयोजक प्रधानमन्त्री मातहतकै हुने अनि सदस्यमा एक जना सचिव रहने गर्दा प्रधानमन्त्रीले जो भन्यो उही नै पदाधिकारीमा नियुक्त हुन्थे । व्यक्ति वरिष्ठ हो कि कनिष्ठ, नियुक्त हुने व्यक्तिमा पदप्रति न्याय गर्ने क्षमता होस् या नहोस्, व्यक्तिको प्राज्ञिक योग्यता पद अनुकूल छ कि छैन जस्ता विषयको त्यति वास्ता गरिन्थेन । सत्ताप्रति अगाध भक्ति वा नेताप्रति बेजोड आस्था प्रकट गर्ने क्षमता जसमा छ उही नै विश्वविद्यालयका पदाधिकारीमा नियुक्त हुन सहज हुने गरेको थियो । पछिल्लो समयमा विभिन्न विश्वविद्यालयमा भएका नियुक्तिले यस्ता असहज प्रक्रियामा केही परिवर्तन ल्याएको छ र सबैले चाहे जत्तिकै सन्तुष्टि दिन नसके पनि केही हदसम्म सुधार भएको अनुभूति गरिएको छ । यसै क्रममा नेपाल संस्कृत विश्वविद्यालयका सन्दर्भमा पनि सिफारिस समितिले कार्यविधि बनाएर सेवा आयोगको अध्यक्ष र सदस्यमा सिफारिस गर्ने प्रक्रिया तय गर्नुलाई सबैले स्वागत गर्नै पर्छ ।

यद्यपि शिक्षामन्त्रीले बेलाबेलामा प्रस्तुत गर्ने गरेका विचार र जनमानसले अपेक्षा गरेका र निर्माण गरेका धारणासँग कार्यविधि केही हदसम्म बाझिएको छ । पुरानो प्रचलनलाई आधार मान्दा यो सिफारिस समितिले आन्तरिक रूपमा कार्यविधि बनाएर आफूले चाहेबमोजिमको व्यक्तिलाई सिफारिस गर्न कुनै ऐन, नियम र कानुनले बाधा गरेको थिएन र पनि पारदर्शी प्रक्रिया अपनाउन कार्यविधिलाई प्रकाशन गर्नु खुसीकै कुरा हो । कार्यविधि नै नबनाई सिफारिस गर्दा पनि विश्वविद्यालयको ऐनले छेकेको थिएन । यति भइसकेपछि कार्यविधिलाई चौतर्फी दृष्टिकोणबाट आलोचना या टिप्पणी नहुने अवस्था सिर्जना गर्न सकियो भने सुनमाथि सुगन्ध हुने थियो । विश्वविद्यालय सेवा आयोगको अध्यक्षका लागि ९ बुँदामा आवश्यक न्यूनतम योग्यता तोकिएको छ । उपकुलपति सरहकैसम्मानयोग्य पद सेवा आयोगको अध्यक्षका लागि प्राध्यापक भएको हुनुपर्ने, विद्यावारिधिप्राप्त, पाँच वर्ष प्राध्यापन गरेका जस्ता योग्यतामा न कसैले प्रश्न उठाउँछ, न यी बुँदा विवादित नै हुन्छन् । पहिले पहिले स्नातकोत्तर उत्तीर्ण भए हुन्थ्यो भने आजभोलि माध्यमिक शिक्षकका लागि नै स्नातकोत्तर उत्तीर्ण हुनु पर्छ भने सेवा आयोगको अध्यक्षका लागि विद्यावारिधिलाई न्यूनतम योग्यता बनाइँदा कसैकसै बाहेक धेरैको चित्त बुझेकै देखिन्छ । न्यूनतम योग्यतामा तोकिएको कम्तीमा तीन वर्ष उच्च शैक्षिक संस्थाको पदाधिकारीको जिम्मेवारीमा रहेको हुनुपर्ने बुँदाले भने सरकारले पछिल्ला समयमा लिने भनिएको नीतिसँग विरोधाभाषपूर्ण हुन पुगेको छ साथै अधिकांशको चित्त बुझाउन पनि सकेको छैन ।

वर्तमान शिक्षामन्त्री र सरकारले पछिल्ला समयमा प्राध्यापक र शिक्षक राजनीतिक दलबाट मुक्त हुनु पर्छ भन्दै आएका छन् । जनताले पनि यस्तै खोजेका छन् । त्रिभुवन विश्वविद्यालयमा केदारभक्त माथेमाको नियुक्तिबाहेक त्यसपछिका सबै नियुक्ति राजनीतिक दलको सदस्यता वा आस्था वा दलीय सिफारिसकै आधारमा हुने गरेका थिए भन्न कुनै सङ्कोच मान्नु पर्दैन । उपकुलपति, शिक्षाध्यक्ष, रजिस्ट्रारमा मात्रै होइन कि डिन, डाइरेक्टर, परीक्षा नियन्त्रक, क्याम्पस प्रमुख जस्ता विश्वविद्यालयका पदाधिकारीमा मात्र नभई सानो पद सहायक क्याम्पस प्रमुखसमेत दलीय भागबण्डाकै आधारमा प्राध्यापकलाई प्राप्त हुन्थ्यो । त्यति मात्र नभई विभागाध्यक्ष, खेलकुद विभाग, विद्यार्थी कल्याण विभागमा समेत राजनीतिक दलका शीर्ष प्राध्यापक बसेर भागशान्ति नियुक्तिका लागि सिफारिस गरिन्थ्यो । यो कार्यविधिले राजनीतिक दलका आडमा नियुक्ति लिएका तिनै पदाधिकारीमध्येकाले मात्रै आवेदन दिन पाउने भनेपछि विश्वविद्यालयको समुत्थानका लागि अनवरत पढाउँदै आएका प्राध्यापकमाथि अन्याय गरेको छ । उच्चतम क्षमताका विद्यार्थी उत्पादन गर्न निरन्तर अध्ययन अध्यापनमा जुटेका प्राध्यापकलाई पाखातिर धकेलेर उही पुरानै पद्धतिमा अवसर पाएकाको पक्षमा यो कार्यविधि उभिएको देखिन्छ । संस्कृतका पक्षमा, संस्कृत

❖ बाँकी तेस्रो पृष्ठमा

# 'स्क्रब टाइफस' को जोखिम बर्खामा बढी



झापा(प्रस) । नेपालमा बर्खा सिजनमा देखापर्ने सरुवा रोगमध्ये एक हो 'स्क्रब टाइफस' । यो रोग उपियाँको टोकाइबाट मानिसमा सर्दछ । यो रोग उपियाँमा पाइने 'ओरेन्सिया' जीवाणुबाट लाग्ने भेरी अस्पतालका फिजिसियन डा. संकेत कुमार रिसालले बताए ।

यो किर्ना प्रायः घरपालुवा जनावर, झाडी, खेतबारी, वनजङ्गल, घर वरिपरिको झाडीमा रहने गर्दछ । 'टाइफस' र 'स्क्रब टाइफस' दुई स्टेजको हुन्छ । जुम्रा, लामखुट्टेलगायतले टोकेमा टाइफस हुने र उपियाँ, किर्नाले टोकेमा 'स्क्रब टाइफस' हुने रिसाल बताउँछन् ।

'स्क्रब टाइफस' मानिसबाट मानिसमा सर्दैन । नेपालमा गाई-भैँसी, बाख्रालगायत पालिन्छ । समृद्ध समाजमा कुकुर लगायत विभिन्न जनावर पाल्ने गरिन्छ । यी जनावरहरूमा उपियाँ हुन्छन् । ती उपियाँले मानिसलाई टोकेमा सङ्क्रमण हुने डा. रिसालले बताए ।

अरु सिजनमा घर पालुवा चौपाया चरनका लागि बाहिर लैजाने भए पनि बर्खा सिजनमा घर छेउछाउको गोठमा रहन्छन् । मानिससँग सम्पर्क हुनासाथ उपियाँले मानिसलाई टोक्ने र 'स्क्रब टाइफस' को जोखिम बढी हुने डा. रिसाल बताउँछन् । 'स्क्रब टाइफस'को जोखिम बाह्रै माहिना हुने भए पनि बर्खा सिजनमा बढी हुने उनको भनाइ छ ।

गर्मीमा मानिसको स्वास्थ्य सामान्यभन्दा केही कमजोर हुन्छ । यस्तो अवस्थामा सङ्क्रमण हुँदा बढी जोखिम हुन्छ । 'गर्मीमा पाचनप्रक्रिया डिस्टर्ब हुन्छ, हामी कमजोर भयो भने रोगले च्याप्ने हो,' उनले भने, 'घरपालुवा जनावर घरको वरिपरि हुन्छ । पानी पर्दा ती जनावर मानिससँग क्लोज हुने भए । गोठमा बस्ने भए, सो अवस्थामा सङ्क्रमण रेट बढी हुन्छ ।'

रिसालका अनुसार बर्खामा जनावर चरनमा नलैजाने भएपछि जङ्गल, खेतबारीमा घाँस काट्न जानुपर्ने हुँदा किर्नाले टोकेर 'स्क्रब टाइफस' को सङ्क्रमण हुन्छ । 'यसका साथै बर्खामा किरा फट्याङ्गाहरू, उपियाँ एक्टिभ हुन्छन्,' उनले भने, घाँस काट्न जाँदा, बस्तुभाउको स्याहार गर्दा किराहरूले टोक्न सक्छन्,' उनले भने ।

## कार्यविधिमाथि...

विश्वविद्यालयको उन्नयनमा र शिक्षा क्षेत्रमा इमानदारीसाथ काम गरेर कुनै पनि पदाधिकार नलिनुलाई अपराधका रूपमा व्याख्या गरिनुलाई धेरैले राम्रो मानेका छैनन् ।

अर्कोतर्फ प्राध्यापक पदमा रहेर सेवा गरेको अवधिको १० वर्षसम्मका लागि प्रतिवर्ष साढे एक नम्बरका दरले पन्ध्र अङ्कसम्म दिने भनिएको छ । नेपाल संस्कृत विश्वविद्यालयमा पाँच सात वर्षमा एक पटक पदोन्नतिका लागि विज्ञापन खुल्ने गरेको कसैबाट छिपेको छैन । प्राध्यापक हुन योग्य भइसकेको सबैलाई पुग्ने गरी दरबन्दी पनि खुलाइने गरिएको छैन । यसका कारण सबैले समयमै प्राध्यापक हुने अवसर पनि पाउँदैनन् । अध्यक्ष पदमा आवेदन दिन कम्तीमा पाँच वर्ष प्राध्यापक भएको हुनुपर्ने भनिएको छ । यही प्रावधानलाई अगाडि बढाउने हो भने संस्कृत विश्वविद्यालय बाहिरबाट त कति आवेदन पर्छन् थाहा छैन तर संस्कृत विश्वविद्यालयमा सेवा गर्दै गरेका र अवकाशप्राप्त गरी पन्ध्र अङ्क प्राप्त गर्ने चार जना पनि पुग्दैनन् । यस कारण यो कार्यविधि निर्माण गर्दा नै कोही व्यक्तिप्रति लक्षित गरेर बनाइएको त होइन भनी आशङ्कासमेत उब्जिएको छ र यसलाई चिर्नुपर्ने अवस्थामाथि कार्यविधि निर्माताले ध्यान दिन जरुरी छ ।

लोक सेवा आयोग, निर्वाचन आयोगमा प्रायसः पूर्वसचिवलाई नियुक्ति दिइन्छ । त्यतिबेला पूरै पाँच वर्ष सचिव पदमा रहेको भनिँदैन । दुई दिन भए पनि वा पाँचै वर्ष भए पनि एउटै मूल्याङ्कन गरिन्छ । जसरी लोक सेवा आयोग आदि संवैधानिक निकायमा अध्यक्ष वा सदस्य बन्न पूर्वसचिव भए पुग्छ, त्यसै गरी विश्वविद्यालयको सेवा आयोगको अध्यक्ष बन्न पनि प्राध्यापक भए पुग्ने भन्नु नै पर्याप्त हुन्छ ।

विभिन्न विश्वविद्यालयमा यदाकदा कोही कोही सेटिङमा प्राध्यापक भएका घटनालाई हेरेर सबै प्राध्यापकलाई एउटै डालोमा हाल्ने प्रयास गरिनु हुँदैन । विश्वव्यापी रूपमा हेर्ने हो भने प्राध्यापक त पद नै होइन, यो त उपाधि हो । त्यसैले सेवारत रहँदा प्राध्यापक भएको व्यक्ति अवकाशप्राप्त भएपछि पनि प्राध्यापक नै रहन्छ । तसर्थ, प्राध्यापकमा पाँच वर्षको अनुभव भन्नु न्यायसङ्गत छैन ।

टाउको दुःखे पनि उही औषधी र पेट दुखे पनि उही उपचार निश्चय नै गरिँदैन । रोगपिच्छेका फरक फरक उपचार पद्धति हुन्छन् । त्रिभुवन विश्वविद्यालय वा विज्ञान सम्बद्ध वा आधुनिक तर्फका विषय पठनपाठन हुने विश्वविद्यालयमा जस्तो कार्यविधि बनाइयो, संस्कृत विश्वविद्यालयका लागि पनि त्यस्तै कार्यविधि उपयुक्त नहुन सक्छ । प्रकाशित लेखहरूको लिङ्कसहित आवेदन दिन भनिएको छ । संस्कृत सम्बद्ध लेख प्रकाशित गर्ने त्यस्ता जर्नल बिरलै होलान् । संस्कृत विश्वविद्यालयका प्राध्यापकले छापामा छापिएका जर्नलमा लेख प्रकाशन गर्ने गरेका छन् । बाहिर अन्यत्रबाट सेवा आयोगमा पदाधिकारी चयन गर्ने हो भने बेग्लै कुरा हो नत्रभने लिङ्क उपलब्ध गराउनु भन्नुका सट्टा लेखको प्रति माग गर्दा उपयुक्त हुन्छ ।

सेवा आयोग संवेदनशील निकाय हो । यसमा निष्पक्ष, स्वच्छ र क्षमतावान व्यक्ति पुग्नु पर्छ । यस्तो व्यक्ति चयन गर्नु त्यति सहज छैन । अरू योग्यतामा भन्दा बरु सिफारिस समितिले विश्वविद्यालय सेवा आयोगको गुणस्तर अभिवृद्धिका लागि कस्ता योजना छन्, निष्पक्षता र तटस्थता कसरी कायम गर्ने जस्ता विषयमा व्यक्तिको सोच सोचपत्र, प्रस्तुति र अन्तर्वार्तामार्फत मूल्याङ्कन गर्नु नै उत्तम हुन्छ । कार्यविधि यस्तै कायम हुने हो भने प्राध्यापकले भोलिदेखि पढाउन छाडेर क्याम्पस प्रमुख कसरी बन्ने, विश्वविद्यालयका पदाधिकारी भनिने पदमा नियुक्ति कसरी लिने भनेर मेहनत गर्नु पर्ने हुन्छ । विश्वविद्यालयका प्राध्यापकलाई प्राध्यापन कार्यबाट झन् टाढा लैजाने सम्भावना रहन्छ ।

त्यसैले न्यूनतम योग्यतामा प्राध्यापक र बरु कम्तीमा पच्चीस वर्षको प्राध्यापन अनुभव भनेर राख्दा हुन्छ । सिफारिस समितिले आवेदक सम्बद्ध विद्यार्थी खोजेर निजको पृष्ठभूमि, प्राध्यापन क्षमता, नियमितता, विद्यार्थीसँगको तटस्थ सम्बन्ध जस्ता विषयलाई आधार बनाउन सक्छ । विश्वविद्यालयमा खोज्ने भनेको पढाउने, पढ्ने, लेख्ने र लेखाउने प्राध्यापक हो । सिफारिस समिति उद्देश्यभन्दा टाढा नजाओस् भन्ने चाहना सबैको छ ।

# प्रेम विवाह गरेको १३ दिनमै झुन्डिए भिष्म



झापा(प्रस) । पाँच वर्षसम्म प्रेम गरेर विवाह गरेको १३ दिनमै झापा बाह्रदशीका एक व्यक्तिले झुन्डिएर आत्महत्या गरेका छन् । बाह्रदशी ३ कुटुबस्ती बस्ने भिष्म गणेशले आइतवार बिहान झुन्डिएर आत्महत्या गरेका हुन् । बाह्रदशी २ माइत भएकी श्रीमती विनिता गणेश शनिवार बेलुका मात्र माइत गएकी थिइन् । भिष्मले राति नै आत्महत्या गरेका हुन् । उनी झुन्डिएको आज बिहान अरुले देखेका थिए ।

यसरी प्रेम विवाह गरेर १३ दिनमै भिष्मले आत्महत्या गर्दा आफूहरु अचम्भित भएको बाह्रदशीकी कार्यपालिका सदस्य लक्ष्मी निरौला अधिकारीले बताइन् । वैदेशिक रोजगारीबाट फर्केका भिष्मले असार ३ गते विनितासंग विवाह गरेका थिए । उनले आत्महत्या गर्नुको कारण खुलिसकेको छैन ।

# दोस्रो भद्रपुर झापा गोल्डकप फागुन ७ देखि



भद्रपुर(प्रस) । दोस्रो झापा गोल्डकप आगामी फागुन ७ गतेखि सञ्चालन हुने भएको छ ।आयोजक भद्रपुर झापा गोल्डकप कार्यसमितिको सम्पन्न बैठकले आगामी फागुन ७ गतेदेखि भद्रपुर झापा गोल्डकपको दोस्रो संस्करण आयोजना गर्ने निर्णय गरेको हो ।गोल्डकपका अध्यक्ष दिपेश ढकालको अध्यक्षतामा सम्पन्न बैठकले आगामी फागुनमा भद्रपुर झापा गोल्डकपको दोस्रो संस्करण आयोजना गर्ने र त्यसका लागि सम्बद्ध सबै पक्ष जुट्न आह्वान गरेको गोल्डकपका महासचिव जीवनकुमार श्रेष्ठले जानकारी दिए ।२०७९ मा पहिलो संस्करणमा निकै ठूलो चर्चा र प्रशंसा बटुलेको भद्रपुर झापा गोल्डकपले दोस्रो संस्करण अझ भव्य र थप परिष्कृत हुने गरी तयारी गरिने अध्यक्ष ढकालले बताए ।

झापाको सरकारी स्वामित्वमा रहेको सुविधायुक्त मेची रंगशालामा आयोजना हुने दोस्रो भद्रपुर झापा गोल्डकपमा नेपाल र सार्क मुलुकहरुका उत्कृष्ट टिमहरुको सहभागिता गराउन अधिकतम प्रयास गरिने अध्यक्ष ढकालले बताए ।

## शैक्षिक...

प्राध्यापक हुन योग्य भइसकेको सबैलाई पुग्ने गरी दरबन्दी पनि खुलाइने गरिएको छैन । यसका कारण सबैले समयमै प्राध्यापक हुने अवसर पनि पाउँदैनन् । अध्यक्ष पदमा आवेदन दिन कम्तीमा पाँच वर्ष प्राध्यापक भएको हुनुपर्ने भनिएको छ । यही प्रावधानलाई अगाडि बढाउने हो भने संस्कृत विश्वविद्यालय बाहिरबाट त कति आवेदन पर्छन् थाहा छैन तर संस्कृत विश्वविद्यालयमा सेवा गर्दै गरेका र अवकाशप्राप्त गरी पन्ध्र अङ्क प्राप्त गर्ने चार जना पनि पुग्दैनन् । यस कारण यो कार्यविधि निर्माण गर्दा नै कोही व्यक्तिप्रति लक्षित गरेर बनाइएको त होइन भनी आशङ्कासमेत उब्जिएको छ र यसलाई चिर्नुपर्ने अवस्थामाथि कार्यविधि निर्माताले ध्यान दिन जरुरी छ ।

लोक सेवा आयोग, निर्वाचन आयोगमा प्रायसः पूर्वसचिवलाई नियुक्ति दिइन्छ । त्यतिबेला पूरै पाँच वर्ष सचिव पदमा रहेको भनिँदैन । दुई दिन भए पनि वा पाँचै वर्ष भए पनि एउटै मूल्याङ्कन गरिन्छ । जसरी लोक सेवा आयोग आदि संवैधानिक निकायमा अध्यक्ष वा सदस्य बन्न पूर्वसचिव भए पुग्छ, त्यसै गरी विश्वविद्यालयको सेवा आयोगको अध्यक्ष बन्न पनि प्राध्यापक भए पुग्ने भन्नु नै पर्याप्त हुन्छ । विभिन्न विश्वविद्यालयमा यदाकदा कोही कोही सेटिङमा प्राध्यापक भएका घटनालाई हेरेर सबै प्राध्यापकलाई एउटै डालोमा हाल्ने प्रयास गरिनु हुँदैन । विश्वव्यापी रूपमा हेर्ने हो भने प्राध्यापक त पद नै होइन, यो त उपाधि हो । त्यसैले सेवारत रहँदा प्राध्यापक भएको व्यक्ति अवकाशप्राप्त भएपछि पनि प्राध्यापक नै रहन्छ । तसर्थ, प्राध्यापकमा पाँच वर्षको अनुभव भन्नु न्यायसङ्गत छैन ।

टाउको दुःखे पनि उही औषधी र पेट दुखे पनि उही उपचार निश्चय नै गरिँदैन । रोगपिच्छेका फरक फरक उपचार पद्धति हुन्छन् । त्रिभुवन विश्वविद्यालय वा विज्ञान सम्बद्ध वा आधुनिक तर्फका विषय पठनपाठन हुने विश्वविद्यालयमा जस्तो कार्यविधि बनाइयो, संस्कृत विश्वविद्यालयका लागि पनि त्यस्तै कार्यविधि उपयुक्त नहुन सक्छ । प्रकाशित लेखहरूको लिङ्कसहित आवेदन दिन भनिएको छ । संस्कृत सम्बद्ध लेख प्रकाशित गर्ने त्यस्ता जर्नल बिरलै होलान् । संस्कृत विश्वविद्यालयका प्राध्यापकले छापामा छापिएका जर्नलमा लेख प्रकाशन गर्ने गरेका छन् । बाहिर अन्यत्रबाट सेवा आयोगमा पदाधिकारी चयन गर्ने हो भने बेग्लै कुरा हो नत्रभने लिङ्क उपलब्ध गराउनु भन्नुका सट्टा लेखको प्रति माग गर्दा उपयुक्त हुन्छ ।

सेवा आयोग संवेदनशील निकाय हो । यसमा निष्पक्ष, स्वच्छ र क्षमतावान व्यक्ति पुग्नु पर्छ । यस्तो व्यक्ति चयन गर्नु त्यति सहज छैन । अरू योग्यतामा भन्दा बरु सिफारिस समितिले विश्वविद्यालय सेवा आयोगको गुणस्तर अभिवृद्धिका लागि कस्ता योजना छन्, निष्पक्षता र तटस्थता कसरी कायम गर्ने जस्ता विषयमा व्यक्तिको सोच सोचपत्र, प्रस्तुति र अन्तर्वार्तामार्फत मूल्याङ्कन गर्नु नै उत्तम हुन्छ । कार्यविधि यस्तै कायम हुने हो भने प्राध्यापकले भोलिदेखि पढाउन छाडेर क्याम्पस प्रमुख कसरी बन्ने, विश्वविद्यालयका पदाधिकारी भनिने पदमा नियुक्ति कसरी लिने भनेर मेहनत गर्नु पर्ने हुन्छ । विश्वविद्यालयका प्राध्यापकलाई प्राध्यापन कार्यबाट झन् टाढा लैजाने सम्भावना रहन्छ ।

त्यसैले न्यूनतम योग्यतामा प्राध्यापक र बरु कम्तीमा पच्चीस वर्षको प्राध्यापन अनुभव भनेर राख्दा हुन्छ । सिफारिस समितिले आवेदक सम्बद्ध विद्यार्थी खोजेर निजको पृष्ठभूमि, प्राध्यापन क्षमता, नियमितता, विद्यार्थीसँगको तटस्थ सम्बन्ध जस्ता विषयलाई आधार बनाउन सक्छ । विश्वविद्यालयमा खोज्ने भनेको पढाउने, पढ्ने, लेख्ने र लेखाउने प्राध्यापक हो । सिफारिस समिति उद्देश्यभन्दा टाढा नजाओस् भन्ने चाहना सबैको छ ।

## शैक्षिक...

१४७ जनामा १२२ जनालाई उत्तीर्ण गराएको छ । त्यस्तै संस्थागततर्फ न्यूटन्स एजुकेसन एकाडेमीले ११३ जनामध्ये १०७ , लिटल फ्लावर्स इङ्लिस स्कुलले १३६ जनामध्ये १२६ , एभरेष्ट स्मार्ट एजुकेसन एकाडेमीले २२ जनामध्ये २१ , अनारमनी लिवर्टी स्कुलले ३१ जनामध्ये ३० , अबाकस बोर्डिङ स्कुलले ११ जनामध्ये १०, ग्लोरी इङ्गिलस स्कुलले १८ जनामा १७ ,ग्रीनफिल्ड स्कुलले ३४ जनामा ३३ जनालाई उत्तीर्ण गराएको छ । अन्य विद्यालयको नतिजा हेर्ने हो भने एसेन्ट एकाडेमीले १३ जनामा ९ , एमिटी सेकेन्डरी स्कुलले ५१ जनामा ३७ , बाल्मीकि एजुकेसन फाउन्डेसनले १५६ जनामा ११३ , बेल्स मोडल स्कुलले २८ जनामा २० , विराटज्योति इङ्गिलस स्कुलले ५२ जनामा २८ , बुद्ध स्मृति एजुकेसन फाउन्डेसनले ३४जनामा १९ , चिल्ड्रेन इन्भाइरोमेन्टले ३८ जनामा २२ ,कमनर्स होम फर एजुकेसनले १५ जनामा १० , देवकुल सेकेन्डरी स्कुलले २१ जनामा १४ , इडन गार्डेन स्कुलले ३७ जनामा ३० , गोमेन्द्र बिर्ता मोडलले १७ जनामा ६ , काबेली स्कुलले ४ जनामा ३ , कंचन इङ्गिलस स्कुलले २१ जनामा १९ , कंचनजंघा इङ्गिलस स्कुलले १०९ जनामध्ये ८० ,कन्काई आवासीय माविले २५ जनामध्ये १४ ,लालीगुराँस इङ्गिलस स्कुलले २० जनामध्ये १५ , लिटल एन्जल्स स्कुलले १७ जनामध्ये १४ , नवोदय फनमिनले ३९ जनामध्ये २७ , निदि स्कुलले २५जनामध्ये १७ , प्रशान्ति एजुकेसन फाउन्डेसनले २१ जनामध्ये १८ , सांगवेद संस्कृत माविले ३५ जनामध्ये ३२, सेन्ट जेभियर्स स्कुलले ८० जनामध्ये ६२ , टावर टेम्पल स्कुलले २९ जनामध्ये २५ जनालाई उत्तीर्ण गराएको छ । माध्यमिक तहका ४५ वटा विद्यालय रहेको बिर्तामोडका २१९५ जना विद्यार्थीहरुले एसईई परीक्षा दिएका थिए । जसमध्ये १३३६ जना उत्तीर्ण भएका छन् । जुन ६०.८७ प्रतिशत हो । बिर्तामोडका विद्यालयहरुको समग्र नतिजा ठीकै देखिएपनि सुधार गर्नुपर्ने आवश्यकता

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा


सम्पर्कः 9825952680 9816063266 9825952677 9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation bhadrapur road, birtamode 023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः फोन: ०२३-५४०४७८ मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान


वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काँकरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । महिला वा मित्रबाट विशेष सहयोग

**वृष** आज जुक्तिको प्रयोग गर्न सके एकपछि अर्को अवसर आउने छ ।

**मिथुन** अधुरो या नयाँ कार्यको थालनी पनि हुनेछ । आर्थिक कारोबार भने कमजोर रहनसक्छ

**कर्कट** मालसामान हराउन सक्छ । सानातिना समस्यामा अल्झनुपर्नेछ ।

**सिंह** । रोकिएको धन हात पर्ला क्रोध, प्रतिशोध, रिसराग र उत्तेजना नियन्त्रण गर्नु राम्रो हुनेछ ।

**कन्या** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ । शुभचिन्तकहरूको सुझाव बेवास्ता गर्दा दुःख

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर बढ्न सक्छ ।

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । पारिवारिक साथ सहयोग मिल्ने